# नेपाल राष्ट्र बैंक

## अनुसन्धान विभाग

# देशको वर्तमान आर्थिक स्थिति

***(आर्थिक वर्ष २०७२/७३ को पहिलो महिनाको तथ्याङ्कमा आधारित)***

## आर्थिक परिदृश्य

१. आर्थिक वर्ष २०७२/७३ मा कुल गार्हस्थ्य उत्पादन (आधारभूत मूल्यमा) गत आर्थिक वर्षको ३ प्रतिशतको तुलनामा करिव ६ प्रतिशतले बढ्ने प्रक्षेपण रहेको छ । त्यसैगरी, कुल गार्हस्थ्य उत्पादनको करिव एक तिहाई अंश रहेको कृषि क्षेत्र १.७ प्रतिशत र गैर कृषि क्षेत्र ७.७ प्रतिशतले बढ्ने प्रक्षेपण रहेको छ । मुख्यतयाः यो वर्ष भूकम्प पश्चातको पूनर्स्थापना तथा पूनर्निर्माण कार्य अगाडी बढ्ने र राष्ट्रिय महत्वका आयोजनाहरुको निर्माण कार्यमा तीब्रता आउने आधारमा आर्थिक वर्ष २०७२/७३ को नेपाल सरकारको वार्षिक बजेट र नेपाल राष्ट्र बैंकले मौद्रिक नीति सार्वजनिक गर्दा आर्थिक वृद्धिदर ६ प्रतिशत रहने अपेक्षा गरिएको हो ।

२. नेपालमा सामान्यतः हरेक वर्षको जुन १० देखि सेप्टेम्वर २३ (जेठ २७ देखि असोज ६) सम्म मनसुन सक्रिय हुने गर्दछ । जल तथा मौसम विज्ञान विभागबाट नेपालका विभिन्न २१ स्थानहरुबाट संकलित मनसुन विवरण अनुसार, २०७२ जेठ २७ देखि साउन मसान्तसम्ममा विगत ३० वर्षको औसत वर्षाको तुलनामा ७४.२ प्रतिशत मात्र वर्षा भएको देखिएको छ । यसबाट कृषि क्षेत्रको उत्पादन अपेक्षा गरिए भन्दा न्यून रहने संभावना रहन्छ ।

३. चालू आर्थिक वर्षको पहिलो महिनाको केही हप्ता पूर्वी तथा मध्य तराईका भूभागहरुमा न्यून वर्षा भएकोले करिव एक चौथाई भूभागमा धानवालीको रोपाई समयमै हुन सकेन । तर साउनको चौथो साता देखि वर्षा पुनः सक्रिय भएकोले सो पश्चात धान रोपाईमा सुधार आएको छ ।

४. तराई भूभागमा साउन महिनाको अन्त्य देखि शुरु भएको लगातारको बन्द हड्तालले मलको आपूर्ति र कृषि उत्पादनको बजार पहूँचमा अवरोध आएकोले कृषि क्षेत्र प्रभावित भएको छ भने गैर कृषि क्षेत्र तर्फ उद्योग, व्यापार, होटल, निर्माण, पर्यटन लगायतका क्षेत्रहरु प्रभावित भएका छन् ।


५. चालू आर्थिक वर्षको पहिलो महिनामा भूकम्प पश्चातको पूनर्निर्माण तथा विकास निर्माण कार्यले तीब्रता पाउन सकेको छैन । राष्ट्रिय महत्वका अयोजनाहरुमध्ये अधिकांश सडक, सिंचाई तथा जलविद्युत आयोजनाहरुको निर्माण कार्यले गति लिन सकेको छैन । खासगरी रणनीतिक महत्वको अरनिको राजमार्ग, ठूला जल विद्युत आयोजनाका पहूँच मार्गहरु, मेलम्ची खानेपानी आयोजनाहरुको मर्मत तथा निमार्ण कार्य सुस्त रहेको छ । भूकम्पको क्षतिले निमार्ण कार्य बन्द रहेको तामाकोशी जलविद्युत परियोजना अझै सुचारु हुन सकेको छैन ।

६. नेपालको वैदेशिक व्यापारमा चीनसँगको प्रमुख दुई नाकाहरुमध्ये भूकम्प पश्चात रसुवा–केरुङ्ग भन्सार नाका बन्द रहेको छ भने तातोपानी भन्सार नाका अझै पूर्ण रुपमा सञ्चालनमा आउन सकेको छैन ।

७. मुलुकको आर्थिक गतिविधि सम्बन्धमा विकसित उपरोक्त घटनाहरुले चालु आर्थिक वर्षको आर्थिक वृद्धिको परिदृश्यमा सकारात्मक पक्षको भन्दा नकारात्मक पक्षको छाँया प्रवल देखिएको छ ।

# मुद्रास्फीति र तलब तथा ज्यालादर

## उपभोक्ता मुद्रास्फीति



चार्ट १ : उपभोक्ता मुद्रास्फीति (पहिलो महिना)

८. पाँचौ पारिवारिक बजेट सर्वेक्षणको नतिजाका आधारमा संसोधित बस्तु र सेवाहरुको डालो अनुसार आर्थिक वर्ष २०७२/७३ को साउन महिनामा वार्षिक विन्दुगत उपभोक्ता मुद्रास्फीति ६.९ प्रतिशत रहेको छ । अघिल्लो वर्षको सोही अवधिमा यस्तो मुद्रास्फीति ७.५ प्रतिशत रहेको थियो । समीक्षा अवधिमा वार्षिक विन्दुगत आधारमा खाद्य तथा पेय पदार्थको मूल्य सूचकाङ्क वृद्धिदर ७.३ प्रतिशत रहेको छ भने गैर-खाद्य तथा सेवा समूहको मूल्य सूचकाङ्क वृद्धिदर ६.६ प्रतिशत रहेको छ । अघिल्लो वर्षको सोही अवधिमा यी समूहहरुको मूल्य सूचकाङ्क क्रमशः १०.६ प्रतिशत र ५ प्रतिशतले वृद्धि भएको थियो ।

९. समीक्षा अवधिमा खाद्य तथा पेय पदार्थ समूहमा पर्ने वस्तुहरुमध्ये दलहन तथा गेडागुडी उप-समूहको मूल्य सूचकाङ्कको वृद्धिदर सबैभन्दा बढी अर्थात २६.४ प्रतिशत रहेको छ । अघिल्लो वर्षको सोही अवधिमा यस उप-समूहको मूल्य सूचकाङ्कमा ७.८ प्रतिशतले वृद्धि भएको थियो । अघिल्लो वर्षको सोही अवधिमा क्रमशः २.६ प्रतिशत र ९.५ प्रतिशतले वृद्धि भएको मसला उप-समूह र दुग्ध पदार्थ तथा अण्डा उप-समूहको मूल्य सूचकाङ्क समीक्षा अवधिमा क्रमशः ९.८ प्रतिशत र ९.३ प्रतिशतले वृद्धि भएको छ । त्यसैगरी, समीक्षा अवधिमा अन्न तथा अन्नबाट बनेका बस्तुहरु उप-समूह र अल्कोहलिक पेय पदार्थ उप-समूहको वार्षिक विन्दुगत मूल्य सूचकाङ्क क्रमशः ९.१ प्रतिशत र ८.४ प्रतिशतले वृद्धि भएको छ । अघिल्लो वर्षको सोही अवधिमा यी उप-समूहहरुको मूल्य सूचकाङ्कमा क्रमशः १०.९ प्रतिशत र १९.४ प्रतिशतले वृद्धि भएको थियो । अघिल्लो वर्षको सोही अवधिमा ०.६ प्रतिशतले घटेको चिनी तथा मिठाई उप-समूहको मूल्य सूचकाङ्क समीक्षा अवधिमा पनि ०.३ प्रतिशतले घटेको छ ।

**बक्स १: पाँचौ पारिवारिक बजेट सर्वेक्षणको नतिजामा आधारित उपभोक्ता मूल्य सूचकाङ्क**

नेपाल राष्ट्र बैंकबाट प्रकाशित गरिदै आएको राष्ट्रिय उपभोक्ता मूल्य सूचकाङ्क तयार गर्न आवश्यक पर्ने वस्तु तथा सेवाहरुका साथै घर-परिवारको खर्च भार प्रत्येक १०/१० वर्षमा अद्यावधिक गर्ने क्रममा बैंकले २०७० फागुन देखि २०७१ माघमसान्तसम्म पाँचौ पारिवारिक बजेट सर्वेक्षण सम्पन्न भएको छ । उक्त सर्वेक्षणमा देशभरका ५५ जिल्लाका ८४ बजारकेन्द्र अन्तर्गत २०७ वडाका कुल ८०२८ घरपरिवारहरुबाट आम्दानी तथा खर्च सम्वन्धी विवरणहरु सङ्कलन गरिएको थियो ।

सर्वेक्षणबाट प्राप्त नतिजाका आधारमा नयाँ उपभोक्ता मूल्य सूचकाङ्कका लागि खाद्य तथा पेय पदार्थ समुहको भार ४३.९१ प्रतिशत तथा गैह-खाद्य र सेवा समुहको भार ५६.०९ प्रतिशत कायम भएको छ । साथै, उक्त सूचकाङ्कको आधार वर्ष २०७१/७२ रहेको छ ।

नयाँ Series अनुसारको राष्ट्रिय उपभोक्ता मूल्य सूचकाङ्क निर्माणका लागि ४९६ बस्तु तथा सेवाहरुको डालो निर्धारण गरिएको छ । जस अन्तर्गत ४०२ वटा बस्तु तथा ९४ वटा सेवाहरु रहेका छन् । मूल्य संकलनका लागि तराई क्षेत्रबाट २३, पहाडबाट ३२ र हिमाली क्षेत्रबाट ५ गरी जम्मा ६० बजार केन्द्रहरु छानिएको छ । छानिएका बजारकेन्द्रहरु मध्ये २९ वटा ग्रामीण तथा ३१ वटा शहरी बजार केन्द्रहरु रहेका छन् ।

१०. समीक्षा अवधिमा गैर-खाद्य तथा सेवा समूहका बस्तु तथा सेवाहरु मध्ये शिक्षा उप-समूहको मूल्य सूचकाङ्क सबैभन्दा बढी अर्थात १२.१ प्रतिशतले वृद्धि भएको छ । अघिल्लो वर्षको सोही अवधिमा यस उप-समूहको मूल्य सूचकाङ्कमा ५.५ प्रतिशतले वृद्धि भएको थियो । अघिल्लो वर्षको सोही अवधिमा क्रमशः ८.१ प्रतिशत र २.७ प्रतिशतले वृद्धि भएको कपडा तथा जुत्ता उप-समूह र घरभाडा, पानी, बिजुली, ग्याँस र अन्य इन्धन उप-समूहको मूल्य सूचकाङ्कमा क्रमशः ९.७ प्रतिशत र ९.६ प्रतिशतले वृद्धि भएको छ । समीक्षा अवधिमा फर्निसिङ्ग तथा घरायसी उपकरण उप-समूह र संचार उप-समूहको मूल्य सूचकाङ्कमा क्रमशः ४.१ प्रतिशत ३.५ प्रतिशतले वृद्धि भएको छ । अघिल्लो वर्षको सोही अवधिमा फर्निसिङ्ग तथा घरायसी उपकरण उप-समूहको मूल्य सूचकाङ्कमा ५.४ प्रतिशतले वृद्धि भएको थिया भने संचार उप-समूहको मूल्य सूचकाङ्क ०.५ प्रतिशतले घटेको थियो । समीक्षा अवधिमा यातायात उप-समूहको मूल्य सूचकाङ्क ४ प्रतिशतले घटेको छ । अघिल्लो वर्षको सोही अवधिमा उक्त उप-समूहको मूल्य सूचकाङ्कमा ३.७ प्रतिशतले वृद्धि भएको थियो ।

११. क्षेत्रगत आधारमा विश्लेषण गर्दा समीक्षा अवधिमा सवैभन्दा बढी काठमाण्डौ उपत्यकामा ८.३ प्रतिशतले मूल्य सूचकाङ्कमा वृद्धि भएको छ भने हिमालमा ७.५ प्रतिशत, पहाडमा ७.२ प्रतिशत र तराईमा ५.८ प्रतिशतले मूल्य सूचकाङ्कमा वृद्धि भएको छ । अघिल्लो वर्षको सोही अवधिमा काठमाडौं उपत्यकामा ७.८ प्रतिशत, पहाडमा ६.७ प्रतिशत र तराईमा ७.७ प्रतिशतले उपभोक्ता मूल्य सूचकाङ्कमा वृद्धि भएको थियो ।

## थोक मुद्रास्फीति

१२. आर्थिक वर्ष २०७२/७३ को साउन महिनामा वार्षिक विन्दुगत थोक मुद्रास्फीति दर ५.४ प्रतिशत रहेको छ । अघिल्लो वर्षको सोही अवधिमा यस्तो मुद्रास्फीति ७.४ प्रतिशत रहेको थियो । समीक्षा अवधिमा थोक मूल्य अन्तर्गत कृषिजन्य वस्तुहरुको मूल्य सूचकाङ्क ९.४ प्रतिशतले र स्वदेशमा उत्पादित वस्तुहरुको मूल्य सूचकाङ्क ५ प्रतिशतले वृद्धि भएको छ भने आयातीत वस्तुहरुको मूल्य सूचकाङ्क २.९ प्रतिशतले घटेको छ । अघिल्लो वर्षको सोही अवधिमा कृषिजन्य वस्तुहरुको मूल्य सूचकाङ्क ८.३ प्रतिशतले, स्वदेशमा उत्पादित वस्तुहरुको मूल्य सूचकाङ्क ८.२ प्रतिशतले र आयातीत वस्तुहरुको मूल्य सूचकाङ्क ५.१ प्रतिशतले वृद्धि भएको थियो ।


## राष्ट्रिय तलब तथा ज्यालादर सूचकाङ्क

१३. समीक्षा अवधिमा वार्षिक विन्दुगत राष्ट्रिय तलब तथा ज्यालादर सूचकाङ्क ६.१ प्रतिशतले वृद्धि भएको छ । अघिल्लो वर्षको सोही अवधिमा उक्त सूचकाङ्क १२.६ प्रतिशतले वृद्धि भएको थियो । समीक्षा अवधिमा तलब सूचकाङ्कमा १ प्रतिशत र ज्यालादर सूचकाङ्कमा ७.४ प्रतिशतले वृद्धि भएको छ । अघिल्लो वर्षको सोही अवधिमा तलब सूचकाङ्कमा १९.५ प्रतिशत र ज्यालादर सूचकाङ्कमा ११ प्रतिशतले वृद्धि भएको थियो ।

१४. समीक्षा अवधिमा तलब अन्तर्गत बैंक तथा वित्तीय संस्था, सार्वजनिक संस्थान र शिक्षा उप-समूहहरुको तलब सूचकाङ्क क्रमशः ६ प्रतिशत, २.५ प्रतिशत र १.५ प्रतिशतले वृद्धि भएको छ । त्यस्तै, ज्यालादर अन्तर्गत कृषि मजदुर, निर्माण मजदुर र औद्योगिक मजदुरको ज्यालादर सूचकाङ्क क्रमशः १०.७ प्रतिशत, ४.६ प्रतिशत र १.६ प्रतिशतले वृद्धि भएको छ ।

# वाह्य क्षेत्र

## वैदेशिक व्यापार



चार्ट २: वैदेशिक व्यापार (पहिलो महिना)

१५. आर्थिक वर्ष २०७२/७३ को पहिलो महिनामा कुल वस्तु निर्यात ३.९ प्रतिशतले ह्रास आई रु. ६ अर्ब ४६ करोडमा सीमित भएको छ । अघिल्लो वर्षको सोही अवधिमा यस्तो निर्यात ११.५ प्रतिशतले कमी आई रु. ६ अर्ब ७२ करोड रहेको थियो । समीक्षा अवधिमा भारत, चीन र अन्य मुलुकतर्फको निर्यात घटेको कारण समग्र निर्यातमा ह्रास आएको हो ।

१६. कुल वस्तु निर्यातमध्ये भारततर्फको निर्यात अघिल्लो वर्षको सोही अवधिमा १५.४ प्रतिशतले घटेकोमा समीक्षा अवधिमा ६.२ प्रतिशतले घटेको छ । जिङ्क शिट, जि.आई.पाइप, तार, लत्ताकपडा लगायतका वस्तुहरुको निर्यातमा आएको ह्रासका कारण भारततर्फको निर्यात घट्न गएको हो । त्यस्तै, चीनतर्फको निर्यात अघिल्लो वर्षको सोही अवधिमा ५६.७ प्रतिशतले घटेकोमा समीक्षा अवधिमा ०.५ प्रतिशतको सीमान्त दरले घटेको छ । प्रशोधित छाला, रुद्राक्ष लगायतका वस्तुहरुको निर्यातमा आएको ह्रासका कारण समीक्षा अवधिमा चीनतर्फको निर्यात घटेको हो । त्यसैगरी, अन्य मुलुकतर्फको निर्यात अघिल्लो वर्षको सोही अवधिमा ०.८ प्रतिशतले घटेकोमा समीक्षा अवधिमा ०.३ प्रतिशतले घटेको छ । विशेषतः दाल, चिया, हस्तकलाका सामान लगायतका वस्तुहरुको निर्यात घटेको कारण समीक्षा अवधिमा अन्य मुलुकतर्फको निर्यात घटेको हो । अमेरिकी डलरमा चीन तर्फको वस्तु निर्यात अघिल्लो वर्षको सोही अवधिको ५७ प्रतिशत ह्रासको तुलनामा समीक्षा अवधिमा ५.८ प्रतिशतले ह्रास आई अमेरिकी डलर ९ लाख रहेको छ । त्यसैगरी, अन्य मुलुकतर्फको वस्तु निर्यात अघिल्लो वर्षको सोही अवधिमा १.५ प्रतिशतले घटेको तुलनामा समीक्षा अवधिमा ५.५ प्रतिशतले ह्रास आई अमेरिकी डलर २ करोड ५२ लाख रहेको छ ।

१७. समीक्षा अवधिमा कुल वस्तु आयात ७.२ प्रतिशतले बढेर रु. ६२ अर्ब ५८ करोड पुगेको छ । अघिल्लो वर्षको सोही अवधिमा यस्तो आयात १२.५ प्रतिशतले वृद्धि भई रु. ५८ अर्ब ३६ करोड पुगेको थियो । अन्तर्राष्ट्रिय बजारमा पेट्रोलियम पदार्थको मूल्यमा आएको ह्रास तथा चाँदी, भिडियो टेलिभिजन, दुरसञ्चारका उपकरण तथा पार्टपूर्जा लगायतका वस्तुहरुको आयात घटेको कारण समीक्षा अवधिमा समग्र आयातको वृद्धिदर कम रहन गएको हो ।

१८. कुल आयातमध्ये भारतबाट भएको आयात अघिल्लो वर्षको सोही अवधिमा १६.८ प्रतिशतले बढेको तुलनामा समीक्षा अवधिमा ६ प्रतिशतले बढेको छ । भारतबाट मुख्यतया यातायातका साधन तथा पाटपुर्जा, कोल्डरोल्ड शिट ईन क्वाइल, एम. एस. विलेट, एम.एस. वायर रड लगायतका वस्तुहरुको आयात बढेको छ भने पेट्रोलियम पदार्थ, सिमेन्ट, विटुमिन लगायतका वस्तुहरुको आयातमा कमी आएको छ । साथै, चीनबाट भएको आयात अघिल्लो वर्षको सोही अवधिमा २३.९ प्रतिशतले बढेको तुलनामा समीक्षा अवधिमा ३८.६ प्रतिशतको उच्च दरले बढेको छ । मुख्यतयाः रासायनिक मल, तयारी पोशाक, जुत्ता/चप्पल, यातायातका उपकरण तथा पार्टपूर्जा लगायतका वस्तुहरुको आयात बढेको कारण चीनबाट भएको आयात बढेको हो । त्यसैगरी, अन्य मुलुकबाट भएको आयात अघिल्लो वर्षको सोही अवधिमा २.७ प्रतिशतले घटेकोमा समीक्षा अवधिमा ३.७ प्रतिशतले घटेको छ । विशेषगरी चाँदी, रासायनिक मल, दुरसञ्चारका उपकरण तथा पार्टपूर्जा, तामाको तार लगायतका वस्तुहरुको आयात घटेको कारण समीक्षा अवधिमा अन्य मुलुकबाट भएको आयात घटेको हो । अमेरिकी डलरमा चीनबाट भएको वस्तु आयात अघिल्लो बर्षको सोही अवधिमा २३ प्रतिशतले बढेको तुलनामा समीक्षा अवधिमा ३१.२ प्रतिशतले वृद्धि भई अमेरिकी डलर ८ करोड २८ लाख पुगेको छ । त्यसैगरी, अन्य मुलुकबाट भएको वस्तु आयात अघिल्लो वर्षको सोही अवधिको ३.४ प्रतिशत ह्रासको तुलनामा समीक्षा अवधिमा ८.८ प्रतिशतले घट्न गई अमेरिकी डलर १२ करोड २२ लाख पुगेको छ ।

१९. समीक्षा अवधिमा कुल वस्तु व्यापार घाटा ८.७ प्रतिशतले वृद्धि भई रु. ५६ अर्ब १२ करोड पुगेको छ । अघिल्लो बर्षको सोही अवधिमा यस्तो व्यापार घाटा १६.६ प्रतिशतले बढेको थियो । कुल वस्तु व्यापार

घाटामध्ये समीक्षा अवधिमा भारत र चीनसँगको व्यापार घाटा क्रमशः ७.४ प्रतिशत र ३९.१ प्रतिशतले बढेको छ भने अन्य मुलुकसँगको व्यापार घाटा ४.६ प्रतिशतले घटेको छ। अघिल्लो बर्षको सोही अवधिमा भारत र चीनसँगको व्यापार घाटा क्रमशः २२.२ प्रतिशत र २७.३ प्रतिशतले बढेको थियो भने अन्य मुलुकसँगको व्यापार घाटा ३.२ प्रतिशतले घटेको थियो । एफ. ओ. बि. (FOB) मूल्यमा आधारित वस्तु व्यापार घाटा समीक्षा अवधिमा ८.५ प्रतिशतले वृद्धि भई रु. ५३ अर्ब ७३ करोड पुगेको छ । अघिल्लो आर्थिक वर्षको सोही अवधिमा यस्तो व्यापार घाटा १५.८ प्रतिशतले बढेको थियो ।

२०. निर्यात घटेको र आयात बढेको कारण समीक्षा अवधिमा निर्यात-आयात अनुपात १०.३ प्रतिशतमा झरेको छ। अघिल्लो बर्षको सोही अवधिमा यस्तो अनुपात ११.५ प्रतिशत रहेको थियो ।

## सेवा

२१. समीक्षा अवधिमा सेवा क्षेत्रतर्फको कुल आय १६ प्रतिशतले कमी आई रु. ९ अर्ब ७० करोड रहेको छ । अघिल्लो वर्षको सोही अवधिमा सेवा आय २९.८ प्रतिशतले वृद्धि भएको थियो । यस अन्तर्गत भ्रमण शीर्षकको आय ९.९ प्रतिशत र अन्य सेवा आय ४४.८ प्रतिशतले घटेको छ भने सरकारी सेवा आय ५७ प्रतिशतले वृद्धि भएको छ। २०७२ वैशाख १२ मा गएको विनासकारी भूकम्पले पर्यटन लगायत समग्र सेवा क्षेत्रमा ठूलो क्षति पुऱ्याएकोले सेवा आयमा प्रतिकुल प्रभाव परेको हो ।

२२. समीक्षा अवधिमा कुल सेवा खर्च १६ प्रतिशतले बढेको छ । अघिल्लो वर्षको सोही अवधिमा यस्तो खर्च २४.४ प्रतिशतले वृद्धि भएको थियो । समीक्षा अवधिमा सेवा खर्च तर्फ ढुवानी/यातायात खर्च ११.३ प्रतिशत, भ्रमण खर्च २४ प्रतिशत र अन्य सेवा खर्च ०.४ प्रतिशतले बढेको छ।

२३. समीक्षा अवधिमा सेवा तर्फको आय घटेको तर खर्चमा उच्च वृद्धि भएको कारण खुद सेवा खाता रु. १ अर्ब ४३ करोडले घाटामा रहेको छ। अघिल्लो वर्षको सोही अवधिमा यो खाता रु. १ अर्ब ९६ करोडले बचतमा रहेको थियो ।

## ट्रान्सफर

२४. समीक्षा अवधिमा खुद ट्रान्सफर आय २९.७ प्रतिशतले वृद्धि भई रु. ६१ अर्ब ३२ करोड पुगेको छ । अघिल्लो वर्षको पहिलो महिनामा यस्तो आयमा १.५ प्रतिशतले कमी आएको थियो । समीक्षा अवधिमा ट्रान्सफर आयतर्फको अनुदान, विप्रेषण तथा पेन्सन आयमा उच्च वृद्धि भएको कारण खुद ट्रान्सफर आयमा उच्च वृद्धि भएको हो ।

२५. कुल ट्रान्सफर आयमा अघिल्लो वर्षको पहिलो महिनाको १.७ प्रतिशत ह्रासको विपरीत समीक्षा अवधिमा २९.५ प्रतिशतको उच्च वृद्धि भई रु. ६१ अर्ब ४८ करोड पुगेको छ। समीक्षा अवधिमा ट्रान्सफर अन्तर्गत रु. ४ अर्ब ४६ करोड वैदेशिक अनुदान प्राप्त भएको छ। अघिल्लो वर्षको सोही अवधिमा रु. २ अर्ब २६ करोड बराबरको अनुदान प्राप्त भएको थियो ।

२६. ट्रान्सफर आय अन्तर्गत विप्रेषण आप्रवाह अघिल्लो वर्षको सोही अवधिमा ०.८ प्रतिशतले बढेकोमा समीक्षा अवधिमा २६.३ प्रतिशतको उच्च दरले वृद्धि भई रु. ५३ अर्ब २७ करोड पुगेको छ । अमेरिकी डलरमा विप्रेषण आय अघिल्लो वर्षको सोही अवधिमा ०.१ प्रतिशत वृद्धिको तुलनामा समीक्षा अवधिमा १९.६ प्रतिशतले वृद्धि भई ५२ करोड १ लाख डलर पुगेको छ।

**बक्स २: वैदेशिक रोजगारीमा गएका नेपाली कामदारहरुको संख्या***

| महिना/बर्ष | २०७०/७१ | २०७१/७२ | २०७२/७३ |
|---|---|---|---|
| साउन | ४५९३७ | ४२३०९ | ३८०८१ |
| भदौ | २४२१४ | ५१५५१ | – |
| असोज | ३१९५९ | ३५५५० | – |
| कात्तिक | ३१९४९ | ४३२१३ | – |
| मंसिर | ४१६३४ | ५३३५४ | – |
| पुस | ५००३२ | ४५३६२ | – |
| माघ | ३७२८५ | ४८९४१ | – |
| फागुन | ४८५५२ | ४४४६० | – |
| चैत | ४५८५४ | ५२२१० | – |
| वैशाख | ५४१७३ | ३१३७५ | – |
| जेठ | ५४९२६ | ३७९६२ | – |
| असार | ६१७१७ | २६६०० | – |
| **कुल** | **५२८२३२** | **५१२८८७** | **३८०८१** |
| प्रतिशत परिवर्तन | १६.५ | -२.९ | -१०.०** |

* अन्तिम श्रम स्वीकृतिमा आधारित ।
** साउनदेखि साउन
स्रोतः वैदेशिक रोजगार विभाग ।

२७. विप्रेषण आप्रवाहलाई प्रत्यक्ष प्रभाव पार्ने वैदेशिक रोजगारीमा जाने नेपाली नागरिकहरुको संख्यामा पछिल्ला महिनाहरुमा केही कमी आएको छ। अन्तिम श्रम स्वीकृतिका आधारमा वैदेशिक रोजगारीमा जाने नेपालीको

संख्या आर्थिक वर्ष २०७२/७३ को पहिलो महिनामा गत वर्षको सोही अवधिको तुलनामा १० प्रतिशतले घटेको छ । अघिल्लो वर्षको सोही अवधिमा यस्तो संख्या ७.९ प्रतिशतले घटेको थियो । मासिक रुपमा हेर्दा यस्तो संख्या अघिल्लो महिनाको तुलनामा साउनमा ४३.२ प्रतिशतले बढेको छ ।

२८. समीक्षा अवधिमा पेन्सन आय २४.५ प्रतिशतले वृद्धि भई रु. ३ अर्ब ७५ करोड पुगेको छ । अघिल्लो वर्ष पेन्सन आय रु. ३ अर्ब १ करोड रहेको थियो ।

## चालु खाता

२९. समीक्षा अवधिमा चालू खाता रु. ८ अर्ब १५ करोडले बचतमा रहेको छ । अघिल्लो बर्षको सोही अवधिमा यो खाता रु. १ अर्ब २५ करोडले बचतमा रहेको थियो । वस्तु आयातको वृद्धिदर कम रहनु र विप्रेषण तथा अनुदान उच्च दरले बढ्नु जस्ता कारणहरुले गर्दा चालु खाता बचत बढ्न गएको हो । अमेरिकी डलरमा चालू खाता बचत ७ करोड ९५ लाख डलर रहेको छ । अघिल्लो वर्षको सोही अवधिमा चालु खाता बचत १ करोड २८ लाख डलर रहेको थियो ।

## पूँजी तथा वित्तीय खाता

३०. समीक्षा अवधिमा पूँजी खाता अर्न्तगत पूँजीगत ट्रान्सफर रु. ७५ करोड रहेको छ । अघिल्लो वर्षको सोही अवधिमा यस्तो ट्रान्सफर रु. ५४ करोड रहेको थियो ।

३१. वित्तीय खाता अन्तर्गत समीक्षा अवधिमा प्रत्यक्ष वैदेशिक लगानी आप्रवाह रु. ४ करोड ४३ लाख रहेको छ । अघिल्लो वर्षको सोही अवधिमा यस्तो आप्रवाह रु. २० लाख रहेको थियो ।

३२. नेपाल राष्ट्र बैंकबाट लिईएको स्वीकृतिका आधारमा गत आर्थिक वर्ष २०७१/७२ मा प्रत्यक्ष वैदशिक लगानीको लाभांश स्वरुप रु. ७ अर्ब २१ करोड भुक्तानी भएको छ । चालु आर्थिक वर्ष २०७२/७३ को पहिलो महिनामा प्रत्यक्ष वैदेशिक लगानीमा लाभांश भुक्तानी भएको देखिदैंन ।

**वक्स ३: प्रत्यक्ष वैदेशिक लगानीमा लाभांश भुक्तानीको स्थिति***

(रु. करोडमा)

| क्र.सं. | क्षेत्र | २०७१/७२ बार्षिक |
|---|---|---|
| १ | वित्तीय क्षेत्र | १७९.४४ |
| २ | सञ्चार क्षेत्र | ०.४० |
| ३ | जलविद्युत क्षेत्र | २८७.४५ |
| ४ | औद्योगिक क्षेत्र | २२९.९२ |
| ५ | सेवा क्षेत्र | २३.८६ |
| **जम्मा** | | **७२१.०७** |


* नेपाल राष्ट्र बैंकबाट लाभांश लैजानका लागि प्रदान गरिएको स्वीकृतिका आधारमा ।

## समग्र शोधनान्तर स्थिति

३३. समीक्षा अवधिमा शोधनान्तर बचत रु. ४ अर्ब ९५ करोड रहेको छ । अघिल्लो बर्षको सोही अवधिमा यस्तो बचत रु. २ अर्ब ७७ करोड रहेको थियो । अमेरिकी डलरमा समीक्षा अवधिको शोधनान्तर बचत ४ करोड ८४ लाख डलर रहेको छ भने अघिल्लो वर्षको सोही अवधिमा शोधनान्तर बचत २ करोड ८६ लाख डलर रहेको थियो ।

## विदेशी विनिमय सञ्चिति

३४. २०७२ साउन मसान्तमा कुल विदेशी विनिमय सञ्चिति २०७२ असार मसान्तको रु. ८२३ अर्ब ८७ करोडको तुलनामा २.३ प्रतिशतले वृद्धि भई रु. ८४२ अर्ब ५३ करोड पुगेको छ । २०७१ साउन मसान्तमा यस्तो सञ्चिति २०७१ असार मसान्तको तुलनामा १.३ प्रतिशतले बढेको थियो । अमेरिकी डलरमा भने बैकिङ्ग क्षेत्रको कुल सञ्चिति २०७२ असार मसान्तदेखि २०७२ साउन मसान्तसम्ममा ०.३ प्रतिशतले कमी



आई अमेरिकी डलर ८ अर्ब १२ करोड पुगेको छ । अघिल्लो बर्षको सोही अवधिमा यस्तो सञ्चिति ०.२ प्रतिशतले बढेको थियो ।

३५. कुल विदेशी विनिमय सञ्चिति मध्ये नेपाल राष्ट्र बैंकमा रहेको सञ्चिति २०७२ असार मसान्तको रु. ७०२ अर्ब ८८ करोडको तुलनामा २०७२ साउन मसान्तमा २.६ प्रतिशतले वृद्धि भई रु. ७२१ अर्ब ९ करोड पुगेको छ । अघिल्लो वर्षको सोही अवधिमा यस्तो सञ्चिति १.२ प्रतिशतले बढेको थियो । कुल सञ्चितिमा नेपाल राष्ट्र बैंकमा रहेको सञ्चितिको अंश ८५.६ प्रतिशत रहेको छ ।

३६. २०७२ असार मसान्तको तुलनामा २०७२ साउन मसान्तमा बैंक तथा वित्तीय संस्थाहरु (नेपाल राष्ट्र बैंक बाहेक) सँग रहेको विदेशी विनिमय सञ्चिति ०.४ प्रतिशतले वृद्धि भई रु. १२१ अर्ब ४४ करोड पुगेको छ । अघिल्लो वर्षको सोही अवधिमा यस्तो सञ्चिति १.५ प्रतिशतले बढी २०७१ साउन मसान्तमा ९४ अर्ब ४२ करोड पुगेको थियो ।

३७. समीक्षा अवधिमा अपरिवर्त्य भारतीय मुद्रा सञ्चिति २.५ प्रतिशतले वृद्धि भई भा.रु. १२२ अर्ब ७२ करोड पुगेको छ । अघिल्लो बर्षको सोही अवधिमा यस्तो सञ्चिति ३.६ प्रतिशतले घटेको थियो । कुल सञ्चितिमा भारतीय मुद्रा सञ्चितिको अंश २३.३ प्रतिशत रहेको छ ।

**बक्स ४: सञ्चिति पर्याप्तता अनुपात (प्रतिशतमा)**

| विवरण | असार | | साउन | |
|---|---|---|---|---|
| | २०७१ | २०७२ | २०७१ | २०७२ |
| विदेशी विनिमय सञ्चिति/कुल गार्हस्थ उत्पादन | ३४.३ | ३८.८ | ३४.७[क] | ३९.७[क] |
| विदेशी विनिमय सञ्चिति/आयात* | ८३.१ | ९३.२ | ८४.२ | ९७.३ |
| विदेशी विनिमय सञ्चिति/विस्तृत मुद्रा प्रदाय | ४२.५ | ४३.९ | ४३.४ | ४५.१ |

* वस्तु तथा सेवा आयात,
क. कुल ग्राहस्थ उत्पादनको अघिल्लो आर्थिक वर्षको वार्षिक तथ्याङ्क प्रयोग गरिएको ।

## सञ्चिति पर्याप्तता सूचकहरु

३८. समीक्षा अवधिमा सञ्चिति पर्याप्तता सूचकहरु सन्तोषजनक रहेका छन् । आर्थिक वर्ष २०७२/७३ को पहिलो महिनाको आयातलाई आधार मान्दा बैकिङ्ग क्षेत्रसँग रहेको विदेशी विनिमय सञ्चितिले १३.८ महिनाको वस्तु आयात र ११.७ महिनाको वस्तु तथा सेवा आयात धान्न पर्याप्त रहने देखिन्छ । समीक्षा अवधिमा विदेशी विनिमय सञ्चितिसँग कुल गार्हस्थ उत्पादन, कुल आयात र विस्तृत मुद्रा प्रदायको अनुपातहरु क्रमशः ३९.७ प्रतिशत, ९७.३ प्रतिशत र ४५.१ प्रतिशत रहेका छन् । २०७२ असार मसान्तमा यस्ता अनुपातहरु क्रमशः ३८.८ प्रतिशत, ९३.२ प्रतिशत र ४३.९ प्रतिशत रहेका थिए ।

## निर्यात आयात मूल्य सूचकाङ्क

३९. आर्थिक वर्ष २०७२/७३ को पहिलो महिनाको भन्सार तथ्यांकमा आधारित निर्यातको एकाई मूल्य सूचकाङ्क (Unit Value Index) वार्षिक विन्दुगत आधारमा ११.४ प्रतिशतले वृद्धि भएको छ । गत आर्थिक वर्षको सोही अवधिमा यस्तो सूचकाङ्क ६.५ प्रतिशतले वृद्धि भएको थियो । प्रमुख निर्यातित वस्तुहरु अलैंची, जुट, प्लाष्टिकका सामान, मुसुरो दाल आदिको मूल्यमा वृद्धि भएको कारण निर्यात मूल्य सूचकाङ्कमा वृद्धि भएको हो ।

४०. भन्सार तथ्याङ्कमा आधारित आयातको एकाई मूल्य सूचकाङ्क वार्षिक विन्दुगत आधारमा आर्थिक वर्ष २०७२/७३ को पहिलो महिनामा ८.५ प्रतिशतले घटेको छ । गत आर्थिक वर्षको सोही अवधिमा यस्तो सूचकाङ्क ९.१ प्रतिशतले बढेको थियो । प्रमुख आयातित वस्तुहरु डिजेल, एल. पी. ग्याँस, पेट्रोल आदिको मूल्यमा ह्रास आएको कारण समीक्षा अवधिमा आयात मूल्य सूचकाङ्कमा कमी आएको हो ।

४१. वार्षिक विन्दुगत आधारमा आर्थिक वर्ष २०७२/७३ को साउन महिनामा निर्यात र आयात मूल्य सूचकाङ्कको अनुपात (Terms of Trade) मा २१.८ प्रतिशतले वृद्धि भएको छ । अघिल्लो वर्षको सोही अवधिमा यस्तो अनुपात २.४ प्रतिशतले घटेको थियो ।

## अन्तर्राष्ट्रिय बजारमा कच्चा पेट्रोलियम तथा सुनको मूल्य स्थिति तथा विनिमय दर प्रवृत्ति

४२. अन्तर्राष्ट्रिय बजारमा कच्चा पेट्रोलियम (Crude Oil Brent) को मूल्य २०७१ साउन मसान्तमा प्रति ब्यारल अमेरिकी डलर १०१.१३ रहेकोमा २०७२ साउन मसान्तमा ५२.८ प्रतिशतको उच्च दरले ह्रास आई प्रति

ब्यारल अमेरिकी डलर ४७.७७ कायम भएको छ । यस अवधिमा जापान, चीन तथा यूरो क्षेत्रमा पेट्रोलियम पदार्थको मागमा कमी आएको तथा तेल उत्पादन गर्ने मुलुकहरुले आफ्नो उत्पादन कोटा नघटाएको र अमेरिकाले तेल उत्पादन बढाएकोले अन्तर्राष्ट्रिय बजारमा कच्चा तेलको मूल्यमा कमी आएको हो । त्यसैगरी, सुनको मूल्य २०७१ साउन मसान्तमा प्रति आउन्स अमेरिकी डलर १२९६ रहेकोमा २०७२ साउन मसान्तमा १३.७ प्रतिशतले ह्रास आई प्रति आउन्स अमेरिकी डलर १११८.८० कायम रहेको छ ।

४३. २०७२ असार मसान्तको तुलनामा २०७२ साउन मसान्तमा नेपाली रुपैयाँ अमेरिकी डलरसँग २.५ प्रतिशतले अवमूल्यन भएको छ । अघिल्लो वर्षको सोही अवधिमा नेपाली रुपैयाँ अमेरिकी डलरसँग १.१ प्रतिशतले अवमूल्यन भएको थियो । २०७२ साउन मसान्तमा अमेरिकी डलर एकको विनिमय दर रु. १०३.७१ पुगेको छ । २०७२ असार मसान्तमा उक्त विनिमय दर रु. १०१.१४ रहेको थियो ।

## व्यापार घाटामा सुधार ल्याउने सम्वन्धी व्यवस्थाहरुको स्थिति

४४. नेपालले निर्यात प्रवर्द्धन तथा वाह्य क्षेत्र कारोवारलाई सहजीकरण गर्न विभिन्न नीतिगत व्यवस्थाहरु अवलम्वन गरेको छ । यस सम्बन्धमा गरिएका केही व्यवस्थाहरु निम्नानुसार छन् ।

### निर्यातमा नगद अनुदान

४५. निर्यात प्रर्वद्धन गर्ने उदेश्य अनुरुप नेपाल सरकारले तोकिएका १० वटा औद्योगिक वस्तुहरुको निर्यातमा २ प्रतिशत, १५ वटा औद्योगिक तथा ७ वटा कृषिजन्य वस्तुहरुको निर्यातमा १ प्रतिशत नगद प्रोत्साहन दिने व्यवस्था गरेको छ । यस व्यवस्था अन्तर्गत आर्थिक बर्ष २०७१/७२ मा निर्यातकर्ताहरुलाई नगद अनुदान स्वरुप रु. २५ करोड ३ लाख उपलब्ध गराइएको थियो । चालु आर्थिक बर्षको पहिलो महिनामा नगद प्रोत्साहन अन्तर्गत छालाजन्य बस्तु, दाल, पश्मिना र कार्पेट गरी ४ बस्तु निर्यातमा कूल रु. ८८ लाख ३३ हजार नगद अनुदान उपलब्ध गराइएको छ ।

### निर्यात पूनरकर्जा

४६. निर्यात प्रोत्साहन गरी बढ्दो व्यापार घाटा नियन्त्रण गर्न सघाउ पुऱ्याउने उद्धेश्यले नेपाल राष्ट्र बैंकले १ प्रतिशत व्याजदरमा निर्यात पुनरकर्जा उपलब्ध गराउदै आएको छ । यस्तो पुनरकर्जामा बैंक तथा वित्तीय संस्थाले ऋणीबाट ४.५ प्रतिशत भन्दा बढी व्याज असुल्न नपाउने व्यवस्था गरिएको छ । पछिल्ला बर्षहरुमा निर्यात पुनरकर्जाको उपयोग पनि बढ्दै गएको छ । यस अन्तर्गत आ. व. २०७१/७२ मा रु. २ अर्ब ९२ करोडको पुनरकर्जा उपयोग भएको थियो भने चालु बर्षको पहिलो महिनामा रु. २ करोड निर्यात पुनरकर्जा उपयोग भएको छ ।

### सुन आयात सम्वन्धी व्यवस्था

४७. नेपाल राष्ट्र बैंकले २०७२ साउन २६ मा सुन आयात तथा बिक्री वितरण कार्यविधि, २०६८ मा संशोधन गरी आयात गर्न सकिने सुनको दैनिक परिमाणलाई १५ किलोग्रामबाट वृद्धि गरी २०७२ असोज मसान्तसम्मको लागि २० किलोग्राम कायम गरेको छ । यस व्यवस्थाबाट गरगहना सम्बन्धी निर्यातमा सुधार आउने विश्वास गरिएको छ ।

### व्यापार सरलीकरण

४८. भारत बाहेक तेस्रो मुलुकहरुबाट प्रतितपत्र विना टि.टि, ड्राफ्टको माध्यमबाट वस्तु आयात गर्दा एक पटकमा बढीमा अमेरिकी डलर ३५ हजार बराबरसम्मको भुक्तानी दिन पाइने व्यवस्था रहेकोमा २०७२ साउन १८ देखि अमेरिकी डलर ४० हजारसम्मको आयात गर्न पाइने व्यवस्था गरिएको छ । यसबाट औद्योगिक कच्चा पदार्थको आयातमा सुधार आई निर्यातमा विस्तार आउने अपेक्षा रहेको छ ।

### भारतीय रुपैयाको सटही सम्बन्धी व्यवस्था


४९. नेपाल राष्ट्र बैंकले २०७२ साउन १८ मा नेपाल सरकारका विभिन्न निकाय, सरकारी तथा अर्धसरकारी संघ संस्था, नेपाली संघ संस्था, कम्पनी, कुटनीतिक नियोग र राष्ट्रिय तथा अन्तर्राष्ट्रिय गैर सरकारी संघ संस्था तथा सर्वसाधारणलाई भारतीय रुपैयाको सटही सुविधाको व्यवस्थालाई सहज वनाएको छ । साथै, बैंक तथा वित्तीय संस्थाहरुलाई भारतीय रुपैयाको कारोवार गर्न एक हप्ताको लागि आवश्यक हुने भा.रु.को सटही

सुविधा नेपाल राष्ट्र बैंकबाट उपलब्ध गराउन सक्ने र अन्तर बैंक कारोवार तथा अन्तर बैंक कर्जा सापटी कारोवार गर्न सक्ने व्यवस्था गरिएको छ ।

## सरकारी वित्त स्थिति *

### बजेट घाटा/बचत

५०. आर्थिक वर्ष २०७२/७३ को पहिलो महिनामा नगद प्रवाहमा आधारित सरकारी बजेट रु. ३१ अर्ब ९७ करोडले बचतमा रहेको छ । अघिल्लो वर्षको सोही अवधिमा सरकारी बजेट रु. २८ अर्ब २६ करोडले बचतमा रहेको थियो । समिक्षा महिनामा सरकारी खर्चमा कमी आएको तर सरकारी राजस्व तथा वैदेशिक अनुदानमा वृद्धि भएको कारण बजेट बचत वृद्धि हुन गएको छ ।




चार्ट ४: कुल सरकारी खर्च बृद्धिदर (पहिलो महिना)

### सरकारी खर्च

५१. समीक्षा अवधिमा नगद प्रवाहमा आधारित कुल सरकारी खर्चमा ८५.४ प्रतिशतले कमी आई रु. १३ करोड मात्र भएको छ । अघिल्लो वर्षको सोही अवधिमा सरकारी खर्च ८६.२ प्रतिशतले घटी रु. ९१ करोड भएको थियो । समीक्षा अवधिमा चालु तथा पूँजीगत दुवै खर्चमा कमी आएकोले सरकारी खर्च घट्न गएको हो ।

### सरकारी राजस्व

५२. समीक्षा अवधिमा नेपाल सरकारको राजस्व परिचालन १३.१ प्रतिशतले वृद्धि भई रु. ३० अर्ब २० करोड पुगेको छ । अघिल्लो वर्षको सोही अवधिमा यस्तो राजस्व ८.२ प्रतिशतले वृद्धि भई रु. २६ अर्ब ७० करोड पुगेको थियो ।



चार्ट : ५ राजस्व बृद्धिदर (पहिलो महिना)

### आन्तरिक ऋण

५३. २०७२ साउन मसान्तमा पनि नेपाल सरकारको तिर्न बाँकी कुल आन्तरिक ऋण २०७२ असारकै रु. १९६ अर्ब ७९ करोड रह्यो । आर्थिक वर्ष २०७२/७३ को बजेटमा नेपाल सरकारले रु. ८८ अर्बको कुल आन्तरिक ऋण परिचालन गर्न सक्ने र रु. ४१ अर्ब १० करोड आन्तरिक ऋण भुक्तानी गर्ने व्यवस्था छ ।

### सरकारी राजस्व तथा खर्च व्यवस्थापनमा सुधार गर्न लिइएका रणनीतिहरु

५४. सरकारी राजस्व परिचालन तथा सरकारी खर्चमा वृद्धि गर्नको लागि आर्थिक वर्ष २०७२/७३ को बजेटले विभिन्न रणनीतिहरु अवलम्बन गरेको छ ।

५५. सरकारी राजस्वतर्फ अवलम्बन गरिएका रणनीतिहरु:

क) वार्षिक ४० लाख रुपैयाँभन्दा बढी आय गर्ने प्राकृतिक व्यक्तिले अनिवार्य रुपमा आय विवरण पेश गर्नुपर्ने व्यवस्था ।

* नेपाल राष्ट्र बैंकका ८ वटा कार्यालयहरु, सरकारी कारोबार गर्ने राष्ट्रिय वाणिज्य बैंकका ६७ वटा शाखाहरु, नेपाल बैंक लिमिटेडका ४४ वटा शाखाहरु, एभरेष्ट बैंक लिमिटेडका ९ वटा शाखाहरु, कृषि विकास बैंक लि. र ग्लोबल आईएमई बैंक लिमिटेडका ४/४ वटा शाखाहरु, एनएमबी बैंक लिमिटेड र बैक अफ काठमाडौको १/१ शाखा र जिल्लास्थित ७९ वटै कोष तथा लेखा नियन्त्रण कार्यालयहरु र भुक्तानी केन्द्रहरुबाट प्राप्त विवरणको आधारमा तयार गरिएको ।

ख) मूल्य अभिवृद्धि कर दर्ताको लागि तोकिएको कारोबारको सीमा रु. २० लाखबाट वृद्धि गरी रु. ५० लाख कायम ।

ग) चुरोट, बियर र मदिरा लगायतका वस्तुको अन्तःशुल्क दरमा वृद्धि ।

घ) विशेष उद्योग र पर्यटनसँग सम्बन्धित उद्योगले आफ्नो संचित मुनाफाबाट उद्योगको क्षमता विस्तारका लागि नाफाको पूँजीकरण गरेमा लाभांश कर नलाग्ने ।

ङ) भूकम्पबाट प्रभावित जिल्लामा व्यवसाय पूर्ण रुपमा क्षति भएको प्रमाणित भएमा पूर्व अनुमानित कर विवरण बुझाउने साना करदाताका लागि चालू आर्थिक वर्षको आयकर, अन्तःशुल्क इजाजत दस्तुर र घर बहाल कर मिन्हा ।

च) एक सय जनाभन्दा बढी नेपाली नागरिकहरुलाई रोजगारी प्रदान गर्ने विशेष उद्योग र पर्यटन उद्योगलाई लाग्ने आयकरमा थप ३० प्रतिशत आयकर छुट ।

छ) सार्वजनिक यातायात सञ्चालन गर्ने गरी दर्ता भएका सहकारी तथा कम्पनीले आयात गर्ने ४० र सोभन्दा बढी सीट क्षमता भएका सवारी साधनको आयातमा पाँच प्रतिशत मात्र भन्सार महसुल लिई अन्तःशुल्क र सडक मर्मत तथा सुधार दस्तुरमा छुट ।

ञ) निवृत्तिभरणमा सामाजिक सुरक्षा कर नलाग्ने व्यवस्था ।

ट) नेपाल सरकारले स्थापना गरेको पुनर्निमार्ण कोष र प्रधानमन्त्री दैवी प्रकोप उद्धार कोषमा जम्मा गरेको रकम आयमा खर्च कट्टी गर्ने व्यवस्था ।

५६. खर्च व्यवस्थापन तर्फ लिइएका रणनीतिक उपायहरु:

क) आर्थिक वर्ष २०७२/७३ लाई बजेट कार्यान्वयन वर्षको रुपमा मनाउन घोषणा गरिएको ।

ख) विद्यमान सार्वजनिक खरिद सम्बन्धी कानुनहरुमा भएको सुधारले खरिद प्रक्रिया सरल हुन गएको ।

ग) आर्थिक वर्षको प्रारम्भदेखि नै वार्षिक कार्यक्रम स्वीकृति र अख्तियारी दिने प्रक्रियाको शुरुवात गरिएको ।


घ) ठूला आयोजनाहरुमा जग्गा प्राप्ति तथा क्षतिपूर्तिका विषयहरुमा छिटो निर्णय गर्नसक्ने निष्पक्ष संयन्त्रको व्यवस्था गरिने ।

ङ) प्राथमिकता प्राप्त आयोजनाहरुमा काम गर्ने आयोजना प्रमुख, लेखा प्रमुख र अन्य जिम्मेवार कर्मचारीहरुलाई निजको कार्यसम्पादन स्तर ८० प्रतिशत भन्दा माथि रहेमा आयोजना अवधिभर सरुवा नगर्ने ।

# मौद्रिक तथा वित्तीय स्थिति

### मुद्राप्रदाय

५७. आर्थिक वर्ष २०७२/७३ को पहिलो महिनामा विस्तृत मुद्राप्रदाय ०.६ प्रतिशतले घटेको छ । अघिल्लो वर्षको सोही अवधिमा उक्त मुद्राप्रदाय ०.८ प्रतिशतले घटेको थियो । समीक्षा अवधिमा संकुचित मुद्राप्रदाय ३ प्रतिशतले घटेको छ । अघिल्लो वर्षको सोही अवधिमा यस्तो मुद्राप्रदाय ३.३ प्रतिशतले घटेको थियो । वार्षिक विन्दुगत आधारमा २०७२ साउन मसान्तमा विस्तृत मुद्राप्रदाय २०.१ प्रतिशत र संकुचित मुद्राप्रदाय २० प्रतिशतले बढेको छ ।




५८. समीक्षा अवधिमा खुद वैदेशिक सम्पत्ति (विदेशी विनिमय मूल्याङ्कन नाफा/नोक्सान समायोजित) रु. ४ अर्ब ९५ करोड (०.७ प्रतिशत) ले बढेको छ । अघिल्लो वर्षको सोही अवधिमा उक्त सम्पत्ति रु. २ अर्ब ७७ करोड (०.५ प्रतिशत) ले बढेको थियो । समीक्षा अवधिमा विप्रेषण आप्रवाहमा विस्तार हुनुका

साथै आयातको वृद्धिदरमा समेत संकुचन आएकोले खुद वैदेशिक सम्पत्तिको विस्तार केही उच्च रहन गएको हो ।

## कुल आन्तरिक कर्जा

५९. आर्थिक वर्ष २०७२/७३ को पहिलो महिनामा कुल आन्तरिक कर्जा २.२ प्रतिशतले घटेको छ । अघिल्लो वर्षको सोही अवधिमा उक्त कर्जा १.३ प्रतिशतले घटेको थियो । वार्षिक विन्दुगत आधारमा २०७२ साउन मसान्तमा यस्तो कर्जा १४.५ प्रतिशतले बढेको छ । समीक्षा अवधिमा यस बैंकमा रहेको नेपाल सरकारको निक्षेप बढेको कारण कुल आन्तरिक कर्जाको वृद्धिदरमा ह्रास आएको हो । समीक्षा अवधिमा निजी क्षेत्रतर्फको कर्जा सीमान्त रुपमा बढेको छ । अघिल्लो वर्षको सोही अवधिमा यस्तो कर्जा ०.८ प्रतिशतले बढेको थियो । वार्षिक विन्दुगत आधारमा निजी क्षेत्रतर्फको कर्जा २०७२ साउन महिनामा १८.५ प्रतिशतले बढेको छ । अघिल्लो वर्ष यस्तो वृद्धिदर १९.१ प्रतिशत रहेको थियो ।

## सञ्चित मुद्रा


६०. समीक्षा अवधिमा सञ्चित मुद्रा १२.६ प्रतिशतले घटेको छ । अघिल्लो वर्षको सोही अवधिमा यस्तो मुद्रा ४.४ प्रतिशतले घटेको थियो । वार्षिक विन्दुगत आधारमा २०७२ साउन मसान्तमा उक्त मुद्रा ४.५ प्रतिशतले बढेको छ । समीक्षा अवधिमा नेपाल राष्ट्र बैंकले निक्षेप बोलकबोलमार्फत् उल्लेख्य तरलता प्रशोचन गरेकोले सञ्चित मुद्राको वृद्धिदरमा ह्रास आएको हो ।

## निक्षेप परिचालन

६१. समीक्षा अवधिमा बैंक तथा वित्तीय संस्थाहरुको निक्षेप ०.८ प्रतिशत (रु. १३ अर्ब २६ करोड) ले घटेको छ । अघिल्लो वर्षको सोही अवधिमा उक्त निक्षेप ०.६ प्रतिशत (रु. ७ अर्ब ८७ करोड) ले घटेको थियो । समीक्षा अवधिमा वाणिज्य बैंकको निक्षेप ०.७ प्रतिशतले घटेको छ भने विकास बैंक र वित्त कम्पनीहरुको निक्षेप क्रमशः ०.०५ प्रतिशत र ०.५ प्रतिशतले बढेको छ । अघिल्लो वर्षको सोही अवधिमा वाणिज्य बैंक र विकास बैंकको निक्षेप क्रमशः ०.१ प्रतिशत र २.३ प्रतिशतले घटेको थियो भने वित्त कम्पनीहरुको निक्षेप १.५ प्रतिशतले बढेको थियो । वार्षिक विन्दुगत आधारमा २०७२ साउन मसान्तमा बैंक तथा वित्तीय संस्थाहरुको निक्षेप १९.८ प्रतिशतले बढेको छ ।

## कर्जा प्रवाह

चार्ट ७ निक्षेप तथा कर्जा वृद्धिदर स्थिति (पहिलो महिना)




६२. आर्थिक वर्ष २०७२/७३ को पहिलो महिनामा बैंक तथा वित्तीय संस्थाहरुको कर्जा तथा लगानी ०.२ प्रतिशत (रु. ३ अर्ब १३ करोड) ले बढेको छ । अघिल्लो वर्षको सोही अवधिमा यस्तो कर्जा तथा लगानी ०.९ प्रतिशत (रु. १२ अर्ब २ करोड) ले बढेको थियो । समीक्षा अवधिमा वाणिज्य बैंक, विकास बैंक र वित्त कम्पनीहरुको कर्जा तथा लगानी क्रमशः ०.५ प्रतिशत, ०.७ प्रतिशत र १.५ प्रतिशतले बढेको छ । समीक्षा अवधिमा बैंक तथा वित्तीय संस्थाहरुबाट निजी क्षेत्रमा प्रवाहित कर्जा ०.४ प्रतिशत (रु. ५ अर्ब ३९ करोड) ले घटेको छ । अघिल्लो वर्षको सोही अवधिमा यस्तो कर्जा ०.३ प्रतिशत (रु. ३ अर्ब ५० करोड) ले बढेको थियो । निजी क्षेत्रतर्फ प्रवाहित कर्जामध्ये वाणिज्य बैंक र विकास बैंकहरुको कर्जा प्रवाह क्रमशः ०.१ प्रतिशत र २.४ प्रतिशतले घटेको छ भने वित्त कम्पनीहरुको कर्जा प्रवाह ०.५ प्रतिशतले बढेको छ । वार्षिक विन्दुगत आधारमा २०७२ साउन मसान्तमा बैंक तथा वित्तीय संस्थाहरुबाट निजी क्षेत्रतर्फ प्रवाहित कर्जा १९ प्रतिशतले बढेको छ ।

६३. समीक्षा अवधिमा औद्योगिक उत्पादन क्षेत्रतर्फको कर्जा रु. १ अर्ब ८ करोड (०.४ प्रतिशत) ले बढेको छ । अघिल्लो वर्षको सोही अवधिमा उक्त क्षेत्रतर्फको कर्जा रु. ३ अर्ब ५५ करोड (१.६ प्रतिशत) ले बढेको थियो । समीक्षा अवधिमा थोक तथा खुद्रा व्यापारतर्फको कर्जा रु. २ अर्ब ४ करोड (०.७ प्रतिशत) ले घटेको छ भने निर्माण क्षेत्रतर्फको कर्जा रु. २२ करोड (०.१ प्रतिशत) र यातायात, सञ्चार तथा सार्वजनिक

सेवा क्षेत्रतर्फको कर्जा रु. २ अर्ब ३१ करोड (३.९ प्रतिशत) ले बढेको छ । अघिल्लो वर्षको सोही अवधिमा थोक तथा खुद्रा व्यापारतर्फको कर्जा रु. २ अर्ब ९२ करोड (१.२ प्रतिशत), निर्माण क्षेत्रतर्फको कर्जा रु. ८२ करोड (०.७ प्रतिशत) र यातायात, सञ्चार तथा सार्वजनिक सेवा क्षेत्रतर्फको कर्जा रु. ६८ करोड (१.४ प्रतिशत) ले बढेको थियो । त्यसैगरी, अघिल्लो वर्षको सोही अवधिमा कृषि क्षेत्रतर्फको कर्जा रु. ३५ करोड (०.७ प्रतिशत) ले घटेकोमा समीक्षा अवधिमा उक्त कर्जा रु. ६७ करोड (१ प्रतिशत) ले घटेको छ ।

## तरलता व्यवस्थापन

६४. आर्थिक वर्ष २०७२/७३ को पहिलो महिनामा पटक-पटक गरी निक्षेप बोलकबोलमार्फत् रु. ५७ अर्ब २५ करोड, रिभर्स रिपोमार्फत् (टर्नओभरको आधारमा) रु. १३ अर्ब तथा सोझै बिक्री बोल-कबोलमार्फत् रु. ५ अर्ब ९० करोडको तरलता प्रशोचन भएको छ । २०७२ साउन मसान्तमा निक्षेप संकलन बोल-कबोल रकम रु. १०७ अर्ब २५ करोड रहेको छ । अघिल्लो वर्षको सोही अवधिमा रिभर्स रिपोमार्फत् रु. ९९ अर्ब ५० करोडको तरलता प्रशोचन भएको थियो ।

६५. आर्थिक वर्ष २०७२/७३ को पहिलो महिनामा नेपाल राष्ट्र बैंकले विदेशी विनिमय बजार (वाणिज्य बैंकहरु) बाट अमेरिकी डलर ३३ करोड २५ लाख खुद खरिद गरी रु. ३४ अर्ब ४ करोड बराबरको खुद तरलता प्रवाह गरेको छ । अघिल्लो वर्षको सोही अवधिमा विदेशी विनिमय बजारबाट अमेरिकी डलर २७ करोड ५७ लाख खुद खरिद गरी रु. २६ अर्ब ७९ करोडको खुद तरलता प्रवाह भएको थियो ।

६६. समीक्षा अवधिमा अमेरिकी डलर ३२ करोड बिक्री गरी रु. ३२ अर्ब ८० करोड बराबरको भा.रु. खरिद भएको छ । अघिल्लो वर्षको सोही अवधिमा अमेरिकी डलर २० करोड बिक्री गरी रु. १९ अर्ब ३९ करोड बराबरको भा.रु. खरिद भएको थियो ।

## पुनरकर्जा तथा उत्पादनशील कर्जा

६७. उत्पादनशील क्षेत्रतर्फ लगानी तथा निर्यात विस्तारमा समेत सहयोग पुऱ्याउने उद्देश्यले यस बैंकबाट सहुलियत दरमा प्रदान गरिने पुनरकर्जाको उपयोग बढ्दै गएको छ (बक्स ५) ।

**बक्स ५: पुनरकर्जा स्थिति**
(रु. अर्बमा)

| विवरण | २०७१/७२ पहिलो महिना | २०७१/७२ वार्षिक | २०७२/७३ पहिलो महिना |
|---|---|---|---|
| साधारण पुनरकर्जा | ०.०६ | ५.९९ | ०.५८ |
| निर्यात पुनरकर्जा | ०.३९ | २.९२ | ०.०२ |
| **कुल** | **०.४५** | **८.९१** | **०.६०** |

६८. बैंक तथा वित्तीय संस्थाहरुले उत्पादनशील क्षेत्रमा तोकिए बमोजिम कर्जा प्रदान गर्नुपर्ने नीतिगत व्यवस्था अनुरुप २०७२ साउन मसान्तसम्ममा वाणिज्य बैंकहरुको यस्तो कर्जाको अनुपात १६.४ प्रतिशत रहेको छ ।

## अन्तर-बैंक कारोबार र स्थायी तरलता सुविधाको उपयोग

६९. आर्थिक वर्ष २०७२/७३ को पहिलो महिनामा वाणिज्य बैंकहरुले रु. ५४ अर्ब १६ करोड र अन्य वित्तीय संस्थाहरू (वाणिज्य बैंकहरुबीच बाहेक) ले रु. १० अर्ब ३९ करोड बराबरको अन्तर-बैंक कारोबार गरेका छन् । अघिल्लो वर्षको सोही अवधिमा वाणिज्य बैंकहरु र अन्य वित्तीय संस्थाहरूले क्रमशः रु. ४ अर्ब १८ करोड र रु. १३ अर्ब ११ करोड बराबरको यस्तो कारोबार गरेका थिए । समीक्षा अवधिमा बैंक तथा वित्तीय संस्थाहरुले स्थायी तरलता सुविधाको उपयोग गरेनन् ।

## ब्याजदर

७०. २०७१ साउनको तुलनामा २०७२ साउनमा ९१-दिने ट्रेजरी विल र अन्तर-बैंक कारोबारको भारित औसत ब्याजदर बढेको छ । २०७१ साउनमा ९१-दिने ट्रेजरी विलको भारित औसत ब्याजदर ०.००४४ प्रतिशत रहेकोमा २०७२ साउनमा ०.९४७८ प्रतिशत कायम रहेको छ । त्यसैगरी, वाणिज्य बैंकहरुबीचको अन्तर-बैंक कारोबारको भारित औसत ब्याजदर २०७१ साउनमा ०.१५ प्रतिशत रहेकोमा २०७२ साउनमा

०.७४ प्रतिशत पुगेको छ । अन्य वित्तीय संस्थाहरुबीचको अन्तर-बैंक कारोबारको भारित औसत ब्याजदर २०७१ साउनमा २.५० प्रतिशत रहेकोमा २०७२ साउनमा ३.०९ प्रतिशत पुगेको छ ।

७१. २०७२ साउनमा वाणिज्य बैंकहरुको कर्जा तथा निक्षेपबीचको भारित औसत ब्याजदर अन्तर ४.५५ प्रतिशत रहेको छ । अघिल्लो वर्षको साउनमा यस्तो ब्याजदर अन्तर ४.८२ प्रतिशत रहेको थियो । त्यसैगरी, वाणिज्य बैंकहरुको औसत आधार ब्याजदर २०७१ साउनको ७.६८ प्रतिशतको तुलनामा २०७२ साउनमा ७.१८ प्रतिशत कायम हुन आएको छ ।

## साना तथा मझौला उद्योग तर्फको कर्जा प्रवाह एवम् सुरक्षित कारोबार दर्ता

७२. वित्तीय पहुँच विस्तारलाई प्रभाव पर्ने विभिन्न तत्वहरुमध्ये कर्जा प्रवाह गर्दा स्वीकार गरिने धितोको प्रकृति (Nature of Collateral) पनि एक महत्वपूर्ण तत्व हो । खासगरी विकासशील मुलुकहरुमा मेशिनरी, औजार, पशुधन, कृषि उपज जस्ता चालु प्रकृतिका सम्पत्ति (Movable Assets) भन्दा घरजग्गा लगायतका स्थिर सम्पत्ति (Immovable Assets) लाई कर्जाको धितोको रुपमा उच्च महत्व दिने प्रचलन रहेकोले यसबाट सेवाग्राहीहरुले पर्याप्त रुपमा वित्तीय सेवाको उपभोग गर्न नसकेको विभिन्न अध्ययनहरुले देखाएका छन् । धितोको रुपमा राख्नुपर्ने स्थिर सम्पत्ति अपर्याप्त रहेको कारण साना तथा मझौला व्यवसायहरु बढी प्रभावित हुने गरेका छन् । नेपालमा पनि साना तथा मझौला व्यवसायको बाहुल्यता रहेको र धितोको रुपमा स्थिर सम्पत्तिलाई नै प्राथमिकता दिइने गरेको सन्दर्भमा पर्याप्त धितोयोग्य स्थिर सम्पत्तिको अभावका कारण साना तथा मझौला व्यवसायमा अपेक्षित रुपमा कर्जा प्रवाह विस्तार हुन सकेको छैन । विगत ३ वर्षमा बैंक तथा वित्तीय संस्थाहरुबाट निजी क्षेत्रतर्फ प्रवाहित कर्जालाई धितोको आधारमा हेर्दा कुल कर्जाको औसत ५९.४ प्रतिशत कर्जा घरजग्गाको धितोमा र १३.६ प्रतिशत कर्जा चालू सम्पत्ति (कृषि तथा गैर-कृषिजन्य वस्तु) को धितोमा प्रवाह भएको छ । त्यसैगरी, विगत ३ वर्षको तथ्याङ्कको आधारमा हेर्दा वाणिज्य बैंकहरुबाट साना तथा मझौला व्यवसायमा प्रवाहित कर्जा औसतमा कुल कर्जाको २.३ प्रतिशत मात्र रहेको देखिन्छ । यस्तो कर्जा प्रवाह न्यून रहनुमा कर्जाको धितो एक प्रमुख समस्याको रुपमा रहेकोले सुरक्षित कारोबार दर्ता (Secured Transaction Registry) सम्बन्धी कार्यलाई कार्यान्वयनमा ल्याउने कार्य अगाडि बढाइएको छ । नेपालमा सुरक्षित कारोबार ऐन, २०६३ कार्यान्वयनमा आएतापनि उक्त ऐनमा उल्लेख भए अनुसार सुरक्षित कारोबार दर्ता सम्बन्धी कार्यालयको स्थापना हुन नसकेको सन्दर्भमा उक्त कार्य कर्जा सूचना केन्द्र लि.मार्फत् गर्ने कार्यक्रम रहेको छ ।

## द्वन्द्वको समयमा बन्द भएका बैंक शाखाहरुको पुनर्स्थापना

७३. वित्तीय संस्थाहरुको शाखा सञ्जालमा भएको वृद्धिसँगै वित्तीय सेवाको पहुँच विस्तार हुँदै गएको छ । बैंक तथा वित्तीय संस्थाहरुको शाखा संख्या २०७१ असार मसान्तमा ३४३० रहेकोमा २०७२ असार मसान्तमा ३८३८ पुगेको तथा मोबाइल बैंकिङ्ग एवम् शाखारहित बैंकिङ्ग जस्ता नयाँ सेवाहरु समेत विस्तार हुँदै गएकोले समग्र वित्तीय पँहुच अभिवृद्धिमा सघाऊ पुगेको छ । अर्कोतर्फ, द्वन्द्वको समयमा बन्द भएका बैंक शाखाहरु पुनर्स्थापना हुने क्रम जारी रहेकाले यसबाट वित्तीय पहुँच विस्तारमा थप सहयोग पुग्ने देखिन्छ । उक्त समयमा बन्द भएका कृषि विकास बैंक लिमिटेडका ५४ शाखाहरु पुनर्स्थापना भइसकेका र १३ वटा पुनर्स्थापना हुने क्रममा रहेका, राष्ट्रिय वाणिज्य बैंक लिमिटेडका ४७ शाखा पुनर्स्थापना भइसकेका र ५० शाखा पुनर्स्थापना हुने क्रममा रहेका तथा नेपाल बैंक लिमिटेडका २६ शाखा पुनर्स्थापना भइसकेका र ९४ शाखा पुनर्स्थापना हुन बाँकी रहेका छन् । यसरी द्वन्द्वकालमा बन्द भएका सरकारी स्वामित्वका २८४ बैंक शाखाहरुमध्ये २०७२ असार मसान्तसम्ममा १२७ वटा शाखाहरु पुनर्स्थापना भईसकेका छन् भने बाँकी १५७ शाखाहरु पुनर्स्थापना हुने क्रममा रहेका छन् ।

**बक्स ६: द्वन्द्वको समयमा बन्द भएका बैंक शाखाहरुको पुनर्स्थापना सम्बन्धी विवरण**

| विवरण | कुल | नेपाल बैंक लि. | राष्ट्रिय वाणिज्य बैंक लि. | कृषि विकास बैंक लि. |
|---|---|---|---|---|
| बन्द भएका कुल शाखा | २८४ | १२० | ९७ | ६७ |
| पुनर्स्थापना भएका शाखाहरु | १२७ | २६ | ४७ | ५४ |
| पुनर्स्थापनाको क्रममा रहेका शाखाहरु | १५७ | ९४ | ५० | १३ |

## शाखा खोल्न शुन्य ब्याजदरमा पुनरकर्जा सम्बन्धी व्यवस्थाको प्रगति

७४. वित्तीय पहुँच न्यून रहेका स्थानहरुमा बैंक शाखा स्थापना गरी वित्तीय सेवाको विस्तारलाई प्रोत्साहन गर्ने अभिप्रायले भोजपुर, ओखलढुंगा लगायतका तोकिएका १४ जिल्लास्थित सदरमुकाममा बैंक तथा वित्तीय संस्थाहरुका शाखा स्थापना गर्न नेपाल राष्ट्र बैंकबाट रु. ५० लाख र सदरमुकाम बाहिर रु. १ करोडसम्म ६ महिना अवधिको लागि निर्ब्याजी कर्जा उपलब्ध गराउने व्यवस्था रहेकोमा आर्थिक वर्ष २०७१/७२ मा यस व्यवस्था अन्तर्गत कर्जा माग भएको छैन । त्यसैगरी, तोकिएका २२ जिल्लाहरुमा लघुवित्त संस्थाहरुले शाखा स्थापना गर्दा रु. ३० लाखसम्मको निर्ब्याजी कर्जा प्रदान गर्ने व्यवस्था रहेकोमा आर्थिक वर्ष २०७१/७२ मा यस अन्तर्गत रु. ३ करोड कर्जा प्रवाह भएको छ ।

## वित्तीय सेवाको पहुँच पुगेको जनताको अनुपात

७५. Nepal FinScope Consumer Survey, 2014 ले नेपालको ४० प्रतिशत वयस्क जनसंख्याले बैंकिङ्ग ( क-घ वर्गका वित्तीय संस्था) क्षेत्रबाट र २१ प्रतिशतले गैर-बैंकिङ्ग संस्थाहरु (सहकारी संस्था, बीमा कम्पनी, विप्रेषण कम्पनी, आदि) बाट वित्तीय सेवा प्राप्त गर्ने गरेको जनाएको छ । यस अनुसार नेपालका ६१ प्रतिशत जनतामा औपचारिक वित्तीय सेवाको पहुँच पुगेको देखिन्छ ।

## समष्टिगत विवेकशील नियमन

७६. घरजग्गा (Real Estate) क्षेत्रमा प्रवाहित कर्जा कुल कर्जाको २५ प्रतिशतको सीमाभित्र रहनुपर्ने व्यवस्था रहेकोमा २०७२ साउनसम्ममा बैंक तथा वित्तीय संस्थाहरुले यस क्षेत्रमा कुल रु. २०५ अर्ब ९६ करोड कर्जा (रु. १ करोडभन्दा कमको रु. ११९ अर्ब ६४ करोडको आवासीय घरकर्जा सहित) प्रवाह गरेका छन् । उक्त कर्जा बैंक तथा वित्तीय संस्थाहरुबाट प्रवाहित कुल कर्जाको १५.१६ प्रतिशत हुन आउँछ ।

७७. बैंक तथा वित्तीय संस्थाहरुले घरजग्गा क्षेत्रमा लगानी गर्दा Loan to Value अनुपात बढीमा ६० प्रतिशत कायम गर्नुपर्ने, कुनै एक क्षेत्रमा कुल कर्जा सापटको ४० प्रतिशतभन्दा बढी कर्जा प्रवाह गर्न नहुने, तरलता जोखिमलाई कम गर्न वाणिज्य बैंकहरुले कुल निक्षेपको १२ प्रतिशत र चल्ती तथा कल निक्षेप संकलन गर्ने विकास बैंक र वित्त कम्पनीहरुको लागि क्रमश: ९ प्रतिशत र ८ प्रतिशत वैधानिक तरलता कायम गर्नुपर्ने व्यवस्था रहेको छ ।

७८. बैंक तथा वित्तीय संस्थाहरुले शेयरको धितोमा प्रवाह गर्ने मार्जिन प्रकृतिको कर्जाको सुरक्षण वापत शेयरको मूल्याङ्कन गर्दा पछिल्लो १८० कार्य दिनको अन्तिम मूल्यको औसत मूल्य वा शेयरको प्रचलित बजार मूल्यमध्ये जुन कम हुन्छ सो रकमको आधारमा मार्जिन कायम गरी कर्जा प्रवाह गर्न सक्ने अभ्यास रहेकोमा २०७२ साउन मसान्तमा यस्तो कर्जा कुल कर्जाको १.८ प्रतिशत रहेको छ ।

७९. बैंक तथा वित्तीय संस्थाहरुको कर्जा-निक्षेप (स्वदेशी निक्षेप र प्राथमिक पूँजी सहित) अनुपात ८० प्रतिशत नाघ्न नहुने व्यवस्था रहेकोमा २०७२ साउनमा यस्तो अनुपात वाणिज्य बैंकहरुको ७२.५३ प्रतिशत, विकास बैंकहरुको ७०.०३ प्रतिशत तथा वित्त कम्पनीहरुको ७५.१४ प्रतिशत रहेको छ । यसबाट बैंक तथा वित्तीय संस्थाहरुले थप कर्जा प्रवाह गर्न सक्ने स्थिति रहेको देखिन्छ ।

८०. बैंक तथा वित्तीय संस्थाहरुको निक्षेप संरचनामा संस्थागत निक्षेपको अंश अधिक रहँदा त्यस्तो निक्षेप फिर्ता माग्दा आउन सक्ने जोखिमलाई व्यवस्थापन गर्न वाणिज्य बैंकहरुको कुल निक्षेपमा संस्थागत निक्षेपको अंश ६० प्रतिशतको सीमाभित्र राख्नुपर्ने व्यवस्था गरिएकोमा २०७२ साउनमा बैंक तथा वित्तीय संस्थाहरुमा यस्तो निक्षेपको अंश ४८.४ प्रतिशत रहेको छ ।

८१. वाणिज्य बैंकहरुले जोखिम भारित सम्पत्तिको १० प्रतिशत र विकास बैंक एवम् वित्त कम्पनीहरुले ११ प्रतिशत पूँजीकोष अनुपात कायम गर्नुपर्ने व्यवस्था रहेकोमा २०७२ साउन मसान्तमा यस्तो अनुपात वाणिज्य बैंकहरुको ११.९४ प्रतिशत, विकास बैंकहरुको १६.१४ प्रतिशत र वित्त कम्पनीहरुको २१.५१ प्रतिशत रहेको छ । बैंक तथा वित्तीय संस्थाहरुले कायम गर्नुपर्ने न्यूनतम पूँजीकोषमा थप १ प्रतिशत वा सो भन्दा बढी Buffer कायम गरेको अवस्थामा मात्रै नगद लाभांश वितरण गर्न पाउने व्यवस्था रहेको छ ।

८२. वित्तीय स्रोत परिचालनतर्फ वाणिज्य बैंकहरुलाई निक्षेप संकलनको सीमा तोकिएको छैन भने विकास बैंक तथा वित्त कम्पनीहरुको हकमा भने आफ्नो प्राथमिक पुँजीको क्रमश: २० गुणासम्म र १५ गुणासम्म


वित्तीय स्रोत संकलन गर्न सक्ने व्यवस्था रहेको छ । यस अनुसार २०७२ साउनमा विकास बैंकहरुले प्राथमिक पूँजीको ६.७ गुणा र वित्त कम्पनीहरुले ४.९ गुणा निक्षेप संकलन गरेका छन् ।

### लघुकर्जाको स्थिति

८३. लघुवित्त सम्बन्धी कारोबार गर्ने "घ" वर्गका वित्तीय संस्थाहरूको कुल सम्पत्ति/दायित्व ३५.८ प्रतिशतले वृद्धि भई २०७२ असार मसान्तमा रु. ६८ अर्ब ६८ करोड पुगेको छ । २०७२ असार मसन्तमा यी संस्थाहरूको कुल निक्षेप रु. १६ अर्ब पुगेको छ भने कुल कर्जा र लगानी क्रमश: रु. ५५ अर्ब ७ करोड र रु. २ अर्ब ४७ करोड पुगेको छ ।

## धितोपत्र बजार

८४. नेप्से सूचकाङ्क वार्षिक विन्दुगत आधारमा ११.९ प्रतिशतले वृद्धि भई २०७२ साउन मसान्तमा १,१५७.६ विन्दुमा पुगेको छ । उक्त सूचकाङ्क अघिल्लो वर्षको सोही अवधिमा ९२.८ प्रतिशतले वृद्धि भई २०७१ साउन मसान्तमा १०३४.४ विन्दु कायम भएको थियो । आर्थिक वर्ष २०७२/७३ को मौद्रिक नीतिले बैंक तथा वित्तीय संस्थाहरुको चुक्ता पूँजी वृद्धि गर्नुपर्ने व्यवस्था गरेको कारण शेयर बजार उकालो लाग्ने क्रम शुरु भएको हो ।



चार्ट ८: नेप्से परिसूचक (२०७१/७२-२०७२/७३)

८५. धितोपत्र बजार पूँजीकरण वार्षिक विन्दुगत आधारमा १२.९ प्रतिशतले वृद्धि भई २०७२ साउन मसान्तमा रु. ११९२ अर्ब ४७ करोड कायम भएको छ । आर्थिक वर्ष २०७१/७२ को कुल गार्हस्थ्य उत्पादनसँग यस्तो बजार पुँजीकरणको अनुपात ५६.१ प्रतिशत रहेको छ । २०७१ साउन मसान्तमा यस्तो अनुपात ५४.४ प्रतिशत रहेको थियो ।

८६. २०७२ साउन मसान्तमा कायम रहेको बजार पूँजीकरणमा बैंक तथा वित्तीय संस्थाहरूको (बीमा कम्पनीहरु सहित) अंश ८०.९ प्रतिशत रहेको छ भने जलविद्युत क्षेत्रको ५.६ प्रतिशत, उत्पादन तथा प्रशोधन क्षेत्रको २.८ प्रतिशत, होटलहरुको २.१ प्रतिशत, व्यापारिक संस्थाहरूको ०.१ प्रतिशत र अन्यको ८.६ प्रतिशत रहेको छ ।

८७. नेपाल स्टक एक्सचेन्ज लिमिटेडमा सूचीकृत कम्पनीहरूको संख्या २०७२ साउन मसान्तसम्ममा २३१ रहेको छ । २०७१ साउन मसान्तसम्ममा यस्तो संख्या २३४ रहेको थियो । केही बैंक तथा वित्तीय संस्थाहरु एक आपसमा मर्ज भएका कारण सूचीकृत कम्पनीहरुको संख्या घट्न गएको हो । सूचीकृत कम्पनीहरुमध्ये १९७ वटा बैंक तथा वित्तीय संस्था (बीमा कम्पनी समेत) रहेका छन् भने १८ वटा उत्पादन र प्रशोधन उद्योग, ६ वटा जलविद्युत् कम्पनी, ४/४ वटा होटल तथा व्यापारिक संस्था र २ वटा अन्य समूहका रहेका छन् ।

८८. नेपाल स्टक एक्सचेन्ज लिमिटेडमा सूचीकृत कम्पनीहरूको चुक्ता पूँजी वार्षिक विन्दुगत आधारमा २४.७ प्रतिशतले वृद्धि भई २०७२ साउन मसान्तमा रु. २१२ अर्ब ९९ करोड पुगेको छ । आर्थिक वर्ष २०७२/७३ को पहिलो महिनामा रु. १८ करोड ८१ लाख बराबरको बोनस शेयर र रु. ६० करोड बराबरको डिबेन्चर गरी कुल रु. ७८ करोड ८१ लाख बराबरको धितोपत्र सूचीकृत भएका छन् ।